# टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,

२०७८

स्वीकृत कार्यपालिका बैठक

मिति २०७८/०८/०५

रम्भा गाउँपालिका पिपलडाँडा,पाल्पा

CamScanner

# टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८

## प्रस्तावना

स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरबाट नै नागरिक सहभाधगता सधुनश्चित गर्दै समाजको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०७८" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यालय" भन्नाले रम्भा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) "टोल विकास संस्था" भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका प्रतिनिधिहरुको उपस्थितिमा विकास निर्माण, सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई वडा कार्यालयमा सूचीकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ।

(ग) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु समेतलाई सम्झनु पर्छ।

(घ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले गाउँपालिकाको वडालाई सम्झनु पर्छ।

CamScanner

(च) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनु पर्छ।

(छ) समिति भन्नाले संस्थाको कार्यसमिति सम्झनु पर्छ।

(ज) "साधारण सभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।

(झ) "संस्था" भन्नालेटोल विकास संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद-२
## संस्थाको गठन तथा सूचीकृत सम्बन्धी व्यवस्था

**३.संस्थाको गठन:** (१) गाउँपलिका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामाजिक सामिप्याताको आधारमा टोल बस्तका वासिन्दाको आमभेलाबाट टोल तथा वस्ती भित्रका घरघुरी समावेश हुने टोल विकास संस्थाको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछनः

(क) अध्यक्ष एक जना

(ख) उपाध्यक्ष एक जना

(ग) कोषाध्यक्ष एक जना

(घ) सचिव एक जना

(ङ) सदस्य (तीन देखि सात जना सम्म)

(३) उपदफा (२) वमोजिम संस्था गठन गर्दा टोल तथा बस्ती भित्रका एक घरधुरीवाट एकजना भन्दा नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा सभा वा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ।

तर यस दफा बमोजिम आमभेला सर्वसमुमत हुन नसकेमा उपस्थित सदस्यहरुको वहुमतबाट कार्य समिति गठन गर्न वाधा पर्ने छैन।

CamScanner

(४) उपदफा (३) बमोजिम कार्यसमितको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितको पुर्नगठन हुनेछ।

(५) कार्य समितिको कार्याविधा गठन भएको मितिले दुई वर्षको हुनेछ।

(६) अध्यक्ष, उपाध्यक्ष, कोषाध्य र सचिव वा कोषाध्यक्ष र सचिवको पदका लगातारस दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन।

(७) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्य कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ।

(८) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्नेछ।

(९) उपर्दफा ८ बमोजिम सबै घर धुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नुपर्ने छ।

(१०) यस कार्यविधि बमोजिम गठन गर्दा संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्नेछ।

(११) संस्थाको कार्क्षयत्र साधारण सभाले तोकेको चारकिल्ला भित्र हुनेछ। साधारण सभाले टोल तथा वस्ती भित्रकका कुनै घरधुरी संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा वस्ती सम्बन्धित संस्थमा समावेश गर्न लगाउने।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भिध रहेका बढीमा १०० घरुधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ। एउटा घरुधुरी एक भन्दा बढी विकास संस्थाको सदस्य बन्न पाउने छैन।

CamScanner

४. <u>कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्था:</u> (१) दफा ३ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।

(ग) मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ। अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ।

५. <u>संस्था सूचीकृत</u> : संस्थाको सूचीकृत देहाय बमोजिम हुनेछ:-

(क) संस्थाको आमभेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची २ बमोजिमको ढाँचामा संस्था सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ग) दफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुन पेश गर्न निर्देशन दिन सक्नेछ।

(घ) वडा कार्यालयले यस दफा बमोजिम संस्था सूचीकृत गरेको विवरण मासिक रुपमा कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

## <u>परिच्छेद-३</u>

## <u>संस्थाको काम कर्तव्य,अधिकारहरु</u>

CS CamScanner

६. टोल विकास संस्थाका कार्यहरु : (१) टोल विकास संस्थका काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने ।

(ख) सामुदायिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

(ग) टोलमा संचालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

(घ) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(ङ) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने।

(च) टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज,उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(छ) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने ।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवाशुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(ट) टोलमा बसोबास गर्ने गरिव, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा वेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(ठ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म, बिवाह; बसाई सराई, सम्वन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त)टोलमा खाद्यन्न, माछामासु,तरकारी, फलफूल, पेय पदार्थ लागयत दैनिक उपभोग्य सामाग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने।

(थ) उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिवृद्धि गर्ने।

(द) स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीइ तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(ध) वन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताकफो पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने।

(न) विद्यालय भर्ना,खोप अभियान, साक्षरता अभियान, सरसफाञ्ज,लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने।

(प)टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यलाई निर्णय प्रक्रिया र श्रोतमा परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने।

(ब) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने।

(भ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम सदुपयोग गर्ने।

(म) टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत संचालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने।

(य) आफ्नो टोललाई वातावरणमैत्री, बालमैत्री, पोषण मैत्री तथा पूर्ण सरसफाईयुक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र गाउँपालिका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

(र) वडा कार्यालय गाउँपालिका तथा अन्य सरकारी निकाय र गैरसारकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसार अन्य कार्यहूरु गर्ने।

## परिच्छेद-४

## संस्थाको कार्य समितिको बैठक र पदाधिकारीको काम, कर्तव्य र अधिकार

७. संस्थाको कार्य कार्य समितिको बैठक : (१) संस्थाको कार्य समितिको बैठकको संचालन देहाय बमोजिम हुनेछ:-

(क) कार्य समितिको  बैठक मवहनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार बस्नेछ।

(ख) समितिको बैठकमा वडा समिति तथा गाउँपालिका जनप्रतिनिध, विज्ञ तथा अन्य सरोकारवालाहरुलाई आमन्धण गर्न सकिनेछ।

(ग) समितिको बैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ।

(घ) संस्थाको बैठकको निर्णयहरु बैठकमा उपस्थित पदाधिकारीहरुवाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ।

(२) उपदफा(१) बमोजिम वस्ते कार्य समितिको बैठकको माईन्युट र संस्थका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु  अध्यक्ष, सचिव र कोषाध्यको जिम्मामा रहनेछन।

(३) कार्य समिति बैठक संस्थाको कार्यालयमा बस्नेछ। संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्य समितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुकेत स्थानमा बैठक वस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।

८. संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकारः-
संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) अध्यक्षको काम कर्तव्य अधिकार

(क) संस्थाको नियमित बैठक बोलाउन,बैठकका लागि मिति,समय र स्थान तोक्ने।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने

(ग)  बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विपयहरु टिपोट गर्ने वा गर्न लगाउने।



CS CamScanner

(घ) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) संस्थाका निर्णयहरु लागू गर्ने, गराउने ।

(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकार:

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(३) सचिवको काम, कर्तव्य र अधिकार:

(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने।

(ख) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने।

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) सदस्यहरुको काम,कर्तव्य र अधिकार

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकताअनुसार समितिको बैठकमा छलफलमा ल्याउने।



CamScanner

(ग) आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-५

## आर्थिक व्यवस्थापन

९. संस्थाको आम्दानी: (१) संस्थाले देहाय वमोजिमका क्षेत्रवाट आम्दानी प्राप्त गर्न सक्नेछ:

(क) गाउँपालिकावाट प्राप्त हुने अनुदान रकम।

(ख) सरकारी तथ्य गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुवाट प्राप्त हुने सहायता तथा अनुदानको रकम।

(ग) टोल विकास संस्थाले आयमुलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी।

(घ) गाउँपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता प्राप्त रकम।

(ङ) संस्थाका सदस्यहरुवाट प्राप्त शुल्क तथा सहयोगको रकम।

(च) अन्य श्रोतवाट प्राप्त गरेको रकम।

(२) संस्थाको नाममा प्राप्त हुने रकम संस्थको सुरक्षाको नाममा रहेको वैंक खातामा जम्मा गर्नु पर्नेछ।

१०. संस्थाको खर्च: संस्थाको खर्च देहाय वमोजिम हुनेछ:

(क) कुनै निकायवाट सम्झौता वमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लेखित शर्त वमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ।

(ख) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्य समितिको निर्णय वमोजिम हुनेछ।

११. संस्थाको लेखा, प्रतिवेदन तथा अन्य:

(१) संस्थाको खाता वडा कार्यलयको सिफारिसमा गाउँ कार्यपालिकाले तोकेको वैंकमा सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता कम्तीमा एक जना महिला हुने गरी संस्थाका अध्यक्ष, उपाध्यक्ष र सचिव मध्य कुनै दुई जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषाद्धक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राखनु पर्नेछ।

(४) कोषाद्धक्षले आम्दानी खर्चको हिसाब किताव चौमासिक रुपमा कार्य समितिको बैठकमा पेश गर्नु पर्नेछ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक बार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारससभा, सम्वन्धित वडा कार्यलय र गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(७) गाउँपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

१२. जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार,राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघ संस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषवाट जिन्सी सामान तथा बस्तुगत सहयोग लिन सक्नेछ।

(२) संस्था उपदफा(१) बमोजिम प्राप्त सहयोग बडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

## परिच्छेद-६

## विविध

१३. समन्वय समितिः (१) संस्थाको कामको अनगुमन तथा समिक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहायबमोजिमको समन्वय समिति रहनेछ :-

(क) वडाध्यक्ष- संयोजक

(ख) वडा समितिको सदस्य- सदस्य

(ग) टोलविकास संस्थाका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेका ३ जना -सदस्य

(घ) वडा सचिव -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । उक्त पदावधि समाप्त भएपछि संयोजकले कार्यकाल नदोहोरिने गरी वडा भित्रका अन्य संस्थाका अध्यक्षहरु मध्येबाट तीन जना मनोनयन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै संस्थाको काम कारवाहीलाई प्रभावकारी बनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले संस्थाको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ।

१४. <u>बाधा अडकाउ फुकाउन सक्ने:</u> यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

१५. <u>कार्य समिति भङ्ग गर्न सक्ने:</u> सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून बिपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्यसमितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ । यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यवविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ।

१६. <u>कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने:</u> (१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्व कार्यपालिकाको नाममा हुनेछ।



CamScanner

अनुसूची-१

टोल विकास संस्थालाई गाउँपालिका सूचीकृत गर्ने निवेदनको नमुना

मिति .................

श्री सचिव ज्यू,
वडा समितिको कार्यालय
वडा नं.......
............ गाउँपालिका।

विषयः टोल विकास संस्था सूचीकृत गने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिका को वडा नं ....... नगिपाधलका/गाउँपाधलका को वडा नं ...... स्थित ................टोलमा गठन गरिएको ............................. टोल विकास संस्थालाई .................................सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु। यस ................................ टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभिघ्र सिमित रहेछ ।

संलग्नः

टोल भेलाको उपस्थित र निर्णय ।

कार्य समितिका सदस्यहरुको नाम थर ।

पूर्व सिमानाः ..................................

पश्चिम सिमानाः ..............................

उत्तिर सिमानाः ...............................

दक्षिण सिमानाः ...............................

हालका जम्मा घरधुरी

निवेदक
समितिको तर्फवाट
अध्यक्षको नामः
.......................टोल विकास
संस्थाको नामः...........................
ठेगानाः.......................................

अनुसूची-१

टोल विकास संस्थालाई गाउँपालिका सूचीकृत गर्ने निवेदनको नमुना

मितिः......................

श्री सचिव ज्यू,
वडा समितिको कार्यालय
वडँ नं.......
............ गाउँपालिका।

विषयः टोल विकास संस्था सूचीकृत गने सम्वन्धमा ।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिका को वडा नं ....... नगिपाधलका/गाउँपाधलका को वडा नं ...... स्थित ................टोलमा गठन गरिएको .............................. टोल विकास संस्थालाई .....................................सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु। यस ................................. टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभिध सिमित रहेछ ।

संलग्नः

टोल भेलाको उपस्थित र निर्णय ।
कार्य समितिका सदस्यहरुको नाम थर ।

पूर्व सिमानाः ..................................
पश्चिम सिमानाः ...............................
उत्तिर सिमानाः ;..............................
दक्षिण सिमानाः ..............................
हालका जम्मा घरधुरी

निवेदक
समितिको तर्फबाट
अध्यक्षको नामः
.......................टोल विकास
संस्थाको नामः...........................
ठेगानाः.......................................



CamScanner

.......................................... गाउँपालिका

...............नं वडा कार्यालय

<u>टोल विकास संस्था सूचीकृत प्रमाण-पत्र</u>

.................................................. गाउँपालिका वडा नं. ..............स्थिति .......................................मा गठन भएको .....................................................टोल विकास संस्थालाई यस कार्यालय मिति.........................मा सूचीकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस गाउँपालिका आर्थिक , सामाजिक, साँस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन काउम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको सक्रिय सहभागिताको अपेक्षा गर्दछु।

...........................

वडा सचिव